# औरही गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
औरही, सिरहा
मधेश प्रदेश, नेपाल ।

प.सं.-२०८०/०८१
च.नं.

प्रथम पटक प्रकाशन मितिः२०८०/०४/१०

सूचना।  सूचना ।।  सूचना।।।

उपरोक्त सम्बन्धमा **KATHFORD INTERNATIONAL COLLEGE OF ENGINEERING & MANAGEMENT , Balkumari, Lalitpur** को आ.व.२०७९/०८०, मिति २०८०/०३/१० गतेको पत्रानुसारका विषयहरुमा यस औरही गाउँपालिका अन्तर्गत नेपाल सरकार/त्रिभुवन विश्वविद्यालयको मापदण्ड अनुसार विपन्न, जेहेन्दार शीर्षकहरुमा छात्रवृतिमा अध्ययन गर्न इच्छुक २ जना बैकल्पिक उम्मेदवार सहित जम्मा ६ जना, आवश्यक न्युनतम योग्यता पुगेका विद्यार्थीहरुले को विवरण पठाउन माग भई आएको पत्र यसै पत्रसाथ संलग्न राखि सूचना पाटीमा टाँसिएको हुँदा तत् सम्बन्धि छात्रछात्राहरु यथाशिघ्र सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थः
श्री KATHFORD INTERNATIONAL COLLEGE OF ENGINEERING & MANAGEMENT , Balkumari, Lalitpur- जानकारीको लागि अनुरोध छ।

राजदेव यादव
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

email : aurahigaupalika@gmail.com

**KATHFORD**
INTERNATIONAL COLLEGE OF ENGINEERING & MANAGEMENT | AFFILIATED TO TRIBHUVAN UNIVERSITY

Balkumari, Lalitpur
Tel: 01-5201241, 5201911 (Engineering Block)
01-5186046, 5186112 (Management & IT Block)
Email: info@kathford.edu.np
www.kathford.edu.np

मिति: २०८०/०३/१०

श्रीमान प्रमुख ज्यु ,
औरही गाउँपालिका,
सिराहा, मधेश प्रदेश ।

विषयः छात्रवृत्ति सम्बन्धमा ।

महोदय,

उपरोक्त बिषयमा यस **"काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरीङ्ग एण्ड म्यानेजमेन्ट"** कलेज, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी वि.स. २०६० देखि व्यवस्थापन, इन्जिनियरीङ्ग र सूचना-प्रविधि संकायका कार्यक्रमहरु संचालन गर्दै आइरहेकोछ । यस कलेजले बिगत २० बर्ष देखि गुणस्तरीय शिक्षा प्रदान गर्दै व्यवस्थापन, इन्जिनियरीङ्ग र सूचना-प्रविधि संकायमा तिन हजार भन्दा बढी दक्ष जनशक्तिहरु उत्पादन गरिसकेको छ। उक्त जनशक्तिहरु नेपाल तथा विश्वभरि बिभिन्न पेशामा संलग्न रहेको व्यहोरा जानकारी गराउदछु।

यस कलेजको सामाजिक उत्तरदायित्व अन्तर्गत **"सामुदायिक छात्रवृत्ति"** योजना विगत पाचँ वर्ष देखि सञ्चालन गर्दै आइरहेको व्यहोरा अनुरोध छ। यस छात्रवृत्ति अन्तर्गत शैक्षिक बर्ष २०८०-८१ को लागि जेहेन्दार विद्यार्थीहरुलाई स्थानीय निकायबाट सिफारीश भई भर्ना हुन आएमा निम्न बमोजिमका कार्यक्रमहरुमा निम्न अनुसारको छात्रवृत्ति प्रदान गरिनेछ। यसै सन्दर्भमा **यस कलेज र कल्प एकेडेमी** बिच भएको सम्झौता अनुसार यस **सामुदायिक छात्रवृत्ति** योजना अन्तर्गत प्रत्येक कार्यक्रममा १० जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने छ। साथै, यसै वर्षबाट **औरही गाउँपालिकालाई** पनि यस **सामुदायिक छात्रवृत्ति** योजना समावेश गर्ने निर्णय भएको कुरा समेत यहाँको जानकारीको लागी निवेदन गर्दछु ।

| SN | Programs | Duration | Total Fee | Scholarship Amount | Final Fee |
|---|---|---|---|---|---|
| 1 | Bachelors of Civil Engineering | 4 Year | 1,396,200 | 300,000 | 1,096,200 |
| 2 | Bachelors of Computer Engineering | 4 Year | 1,290,200 | 250,000 | 1,040,200 |
| 3 | Bachelors of Electronics Communication and Information Engineering | 4 Year | 1,290,200 | 645,100 | 645,100 |
| 4 | Bachelors of Science in Computer Science and Information Technology (B.Sc.CSIT) | 4 Year | 1,213,200 | 200,000 | 1,013,200 |
| 5 | Bachelors of Computer Application (BCA) | 4 Year | 754,200 | 200,000 | 554,200 |
| 6 | Bachelors of Business Administration (BBA) | 4 Year | 831,200 | 250,000 | 581,200 |
| 7 | Bachelors of Business Management (BBM) | 4 Year | 674,200 | 250,000 | 424,200 |

यसका साथै, माथि उल्लेखित विषयहरुमा नेपाल सरकार/त्रिभुवन विश्वविद्यालयको मापदण्ड अनुसार विपन्न, जेहेन्दार शिर्षकहरुमा छात्रवृत्तिको व्यवस्था रहँदै आएको कुरा समेत निवेदन गर्दछु । यसका बारेमा बृस्तृत जानकारी यसै पत्रका साथ संलग्न Prospectus मा उल्लेख गरिएकोछ।

तसर्थ, यस **औरही गाउँपालिका** अन्तर्गत माथी उल्लेखित विषयहरुमा अध्ययन गर्न इच्छुक २ जना बैकल्पिक उमेदबार सहित जम्मा ६ जना, आवश्यक न्युनतम योग्यता पुगेका विद्यार्थीहरुको नाम सिफारीश गरी पठाइदिनहुन अनुरोध छ। थप जानकारीको लागि ९८०१२३१२६२ मा सम्पर्क गर्नुहोला।

धन्यवाद।

प्राचार्य
डा। राजेन्द्र कुमार पोखरेल

दर्ता नं.:- ११५
दर्ता मिति: २०८०/०४/१०
गा.का. ... गो.का.
औ...